# केन्द्रीय तथ्याङ्क विभाग (केतवि)

## (सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली , २०६५ को नियम ३ बमोजिम अद्यावधिक तथा प्रकाशित गर्नुपर्ने तथ्याङ्कसम्बन्धी सूचनाहरुको विवरण)

## १. केतविको स्वरुप र प्रकृति

नेपालमा वैज्ञानिक तरिकाद्वारा जनगणना गराउने र अन्य विविध तथ्याङ्क समेत सङ्कलन गर्ने उद्देश्यले साविकका दुई अड्डाहरु "जनसङ्ख्या गोश्वारा" र "औद्योगिक व्यापारिक समाचार सङ्ग्रह अड्डा" लाई गाभी २००७ साल भाद्र ९ गते "सङ्ख्या विभाग" को स्थापना भएको थियो । त्यो विभागले नेपालको पाचौं जनगणना (२००९/११) सम्पन्न गऱ्यो । त्यसपछि नेपालमा विभिन्न क्षेत्रमा तथ्याङ्कको आवश्यकता महसूस हुन थाल्यो र महत्व पनि विस्तारै बढ्न थाल्यो । खास गरेर सरकारी स्तरमा विभिन्न प्रकारका तथ्याङ्कहरुको खाँचो महसूस हुँदै आयो । यसै सन्दर्भमा, "जनतालाई अधिक मात्रामा ठोस हित हुने नीति निर्धारण गर्न, सरकारी विभागहरुको प्रशासकीय निपुणता बढाउन र मुलुकको आर्थिक गतिविधिबारे यथार्थ ज्ञान प्राप्त गर्न नेपाल सरकार (तत्कालीन श्री ५ को सरकार) लाई यथार्थ आधार चाहिएको र त्यस्तो आधार जुटाउन" तथ्याङ्क सम्बन्धी कामको निमित्त एक केन्द्रीय विभागको स्थापना गर्न वाञ्छनीय भएकोले २०१५ साल मार्ग १८ गतेका दिन नेपालमा तथ्याङ्क ऐन, २०१५ लागू भयो । यही ऐनको आधारमा साविक सङ्ख्या विभाग खारेज भई २०१५ साल पौष १७ गते (जनवरी १, १९५९) केन्द्रीय तथ्याङ्क विभाग (के. त. वि.) को स्थापना भएको हो ।

केन्द्रीय तथ्याङ्क विभाग स्थापना भएपछि यो विभागले अर्थ मन्त्रालय, अर्थ आर्थिक कार्य बिषय मन्त्रालय, आर्थिक कार्य बिषय मन्त्रालय जस्ता विभिन्न मन्त्रालय अन्तर्गत रहेर काम गरेको छ । हाल यो विभाग राष्ट्रिय योजना आयोगको सचिवालय  अन्तर्गत रहेको छ ।

यसरी, केन्द्रीय तथ्याङ्क विभागको जन्म तथ्याङ्क ऐन, २०१५ को व्यवस्था बमोजिम भएको हो । ऐनको व्यवस्था अनुसार नै केन्द्रीय तथ्याङ्क विभागलाई तथ्याङ्क सङ्कलन, प्रशोधन, संग्रह, विश्लेषण एवं प्रकाशन गर्ने जिम्मेवार निकायको रुपमा स्थापना गरिएको छ । सो ऐनले केन्द्रीय तथ्याङ्क विभागलाई व्यावसायिक रुपमा तथ्याङ्क सङ्कलन गर्ने अधिकार दिएको छ । यसबाहेक, अन्य निकायले तथ्याङ्क सङ्कलन गर्न र सङ्कलन गरेको तथ्याङ्क प्रकाशन गर्नुभन्दा पहिले यस विभागको स्वीकृति लिनुपर्ने व्यवस्था पनि उक्त ऐनले गरेको छ । यसरी हेर्दा यस ऐनले केन्द्रीय तथ्याङ्क विभागलाई तथ्याङ्क सम्बन्धी प्रयोजनका लागि केन्द्रीकृत विभागको रुपमा स्थापना गरेको पाइन्छ ।

समयको माग अनुसार केन्द्रीय तथ्याङ्क विभागले मात्र सबैको आवश्यकता अनुसार सबै प्रकारका तथ्याङ्क उत्पादन गर्न सकेन । यसकारण, विभिन्न मन्त्रालय, विभाग र सरकारी तथा अर्धसरकारी निकायहरुले आ-आफ्ना आवश्यकता अनुसार विविध प्रकारका तथ्याङ्क उत्पादन गर्न थाले । यसले गर्दा, नेपालको तथ्याङ्क प्रणाली विस्तारै विकेन्द्रित प्रणालीतर्फ उन्मुख हुँदै गयो । हालको नेपालको तथ्याङ्क प्रणालीलाई केन्द्रीय तथ्याङ्क विभाग प्रमुख निकाय भएको एक विकेन्द्रित प्रणालीका रुपमा लिइन्छ ।

## २. केतविको काम, कर्तव्य र अधिकार

(क) नेपाल सरकारलाई योजना तर्जुमा तथा नीति निर्धारणका लागि आवश्यक तथ्याङ्क उपलब्ध  गराउने ।

(ख) आर्थिक तथा सामाजिक क्षेत्रसँग सम्बन्धित तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण गर्ने ।

(ग)स्तरीय तथ्याङ्क संकलनका लागि सर्वमान्य विधि, प्रामाणिक वर्गीकरण (Standard Classifications),परिभाषा र स्तरीय वर्गीकरणहरुको विकास गरी तिनको प्रयोग गर्ने,  गराउने ।

(घ)आ-आफ्नो प्रयोजनको लागि तथ्याङ्क संकलन गर्ने निकायहरुबीच समन्वय ल्याई एकै किसिम र प्रकृतिको तथ्याङ्क विभिन्न निकायबाट संकलन गर्ने दोहोरोपनाको प्रवृत्ति हटाई एकीकृत तथा समन्वित तथ्याङ्क संकलन स्थितिको विकास गर्ने ।

(ङ)देशको लागि आवश्यक पर्दै जानसक्ने विभिन्न किसिमका तथ्याङ्कको पहिचान गरी त्यस्ता तथ्याङ्क उत्पादन गर्ने, गराउने ।

(च)विभिन्न गणना र सर्वेबाट संकलित तथ्याङ्क अभिलेखहरु सुरक्षित रुपमा राख्ने ।

(छ)अन्तर्राष्ट्रिय प्रविधि अध्ययन गरी तथ्याङ्क संकलनलाई वैज्ञानिक, भरपर्दो र उपयोगी बनाउँदै लैजाने ।

(ज)राष्ट्रियस्तरका तथ्याङ्कहरुमा सामञ्जस्य र एकरुपता कायम गरी उत्पादित तथ्याङ्कहरुको गुणस्तर कायम गर्न समन्वयात्मक भूमिका निर्वाह गर्ने ।

(झ)तथ्याङ्कसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम, गोष्ठी, सेमिनारको आयोजना गर्ने, गराउने । साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा हुने त्यस्तो तालिम, गोष्ठी, सेमिनारमा नेपाल सरकारका तर्फबाट प्रतिनिधित्व गर्ने व्यवस्था मिलाउने ।

(ञ)विभिन्न तथ्याङ्क सम्बन्धी गतिविधिलाई निर्देशन दिने र नियन्त्रण गर्ने ।

(ट)तथ्याङ्क क्षेत्रमा संलग्न जनशक्तिको दक्षता अभिवृद्धि गर्ने ।

(ठ)अन्तर्गतका तथ्याङ्क कार्यालयहरुबाट नियमित र भरपर्दो तथ्याङ्क उपलब्ध गराउने पद्धति व्यवस्थित गर्ने ।

## ३. कर्मचारी संख्या र कार्य विवरण

केतवि र यस अन्तर्गत रहेका तेत्तीसवटा तथ्यांक कार्यालयहरुको बर्तमान दरबन्दी विवरण निम्नानुसार कायम रहेको छ ।

अनुसूची १ (क)

# केन्द्रीय तथ्याङ्क विभागको प्रस्तावित संगठन ढांचा र दरबन्दी तेरिज

राष्ट्रिय योजना आयोगको सचिवालय

र
म

केन्द्रीय
तथ्याङ्क

## आर्थिक तथ्याङ्क महाशाखा

**राष्ट्रिय लेखा शाखा**
निर्देशक (रा.प. द्वि. प्रा.) २
तथ्याङ्क अधिकृत (

**कृषि तथा पशुपंछी गणना तथा सर्वेक्षण शाखा**
निर्देशक (रा.प. द्वि. प्रा.) २
तथ्याङ्क

**मूल्य तथ्याङ्क शाखा**
निर्देशक (रा.प. द्वि. प्रा.) २
तथ्याङ्क अधिकृत (रा.प. त.प्रा.) ४

**व्यापार तथ्याङ्क शाखा**
निर्देशक (रा.प. द्वि. प्रा.) २
तथ्याङ्क अधिकृत (रा.प. त.प्रा.)

**प्रतिष्ठान गणना तथा सर्वेक्षण शाखा**
निर्देशक (रा.प. द्वि. प्रा.) २
तथ्याङ्क अधिकृत

**कृषि तथा बन तथ्याङ्क शाखा**
निर्देशक (रा.प. द्वि. प्रा.) २

**आर्थिक गणना शाखा**
निर्देशक (रा.प. द्वि. प्रा.)

## योजना तथा जनशक्ति व्यवस्थापन महाशाखा

**योजना शाखा**
निर्देशक (रा.प. द्वि. प्रा.) २
तथ्याङ्क अधिकृत (रा.प. तृ.प्रा.) १

**तालिम शाखा**
निर्देशक (रा.प. द्वि. प्रा.) २
तथ्याङ्क अधिकृत (

**प्रकाशन वितरण तथा पुस्तकालय शाखा**
निर्देशक (रा.प. द्वि. प्रा.) २
तथ्याङ्क अधिकृत (

**सर्वेक्षण अनुमति तथा स्याम्पल डिजाइन शाखा**
निर्देशक (रा.प. द्वि.

**समन्वय तथा स्तर निर्धारण शाखा**
निर्देशक (रा.प.

**प्रशासन शाखा**
उप सचिव (रा.प.द्वि. प्र.) १
शाखा अधिकृत (रा.प. तृ.प्र.) ७
नायब सुब्बा( रा.प. अनं. प्र.प्र.) ८
टाइपिष्ट ५

**आर्थिक प्रशासन शाखा**
उप सचिव (लेखा) (रा.प.द्वि. प्र.) १

## सामाजिक तथ्याङ्क

**घरपरिवार सर्वेक्षण शाखा**
निर्देशक (रा.प. द्वि. प्रा.) २
तथ्याङ्क अधिकृत (रा.प. तृ.प्रा.) २

**जनसंख्या शाखा**
निर्देशक ( रा.प. द्वि. प्रा.) २
तथ्याङ्क अधिकृत ( रा.प. तृ.प्रा.) २

**लैङ्गिक तथा सामाजिक तथ्याङ्क शाखा**
निर्देशक ( रा.प. प्र. प्रा.)

**भौगोलिक सुचना प्रणाली ( जि.आइ.एस) शाखा**
निर्देशक ( रा.प. प्र. प्रा.) २
तथ्याङ्क अधिकृत (रा.प. तृ.प्रा.) १
कम्प्युटर अधिकृत (रा.प. त.प्रा.) १

**व्यवस्थापन सूचना प्रणाली, सूचना प्रविधि तथा लगत प्रशोधन शाखा**
निर्देशक ( रा.प. द्वि. प्रा.) २
तथ्याङ्क अधिकृत (रा.प. त.प्रा.) २

**बातावरण तथ्याङ्क शाखा**
निर्देशक ( रा.प. द्वि. प्रा.) २
तथ्याङ्क अधिकृत (रा.प.

## ३३ तथ्याङ्क कार्यालयहरु

निर्देशक ( रा.प. द्वि. प्रा.) ६
तथ्याङ्क अधिकृत (रा.प. तृ.प्रा.) ३३
सुपरिवेक्षक (रा.प. अनं. प्र.प्रा.) ८२
नायब सुब्बा (रा.प. अनं. प्र.प्र.) २
लेखापाल (रा.प. अनं. प्र.प्र.) १५
खरिदार (रा.प. अनं. द्वि.प्र.) १००

## केन्द्रीय तथ्याङ्क विभागको प्रस्तावित दरबन्दी तेरिज

महानिर्देशक ( रा.प. प्र. प्रा.) १
उप महानिर्देशक ( रा.प. प्र. प्रा.) ३
उप सचिब ( रा.प.द्वि. प्र.) १
उप सचिब ( रा.प.द्वि. प्र. लेखा) १
निर्देशक ( रा.प. द्वि. प्रा.) ३४
तथ्याङ्क अधिकृत (रा.प. तृ.प्रा.) ३९
शाखा अधिकृत (रा.प. तृ.प्र.) ७
लेखा अधिकृत (रा.प. तृ.प्र.) १
कम्प्युटर अधिकृत (रा.प. तृ.प्रा.) ८
कार्टोग्राफर अधिकृत (रा.प. तृ.प्रा.) १
पुस्तकालय अधिकृत (रा.प. तृ.प्रा.) १
नायब सुब्बा (रा.प. अनं. प्र.प्रा.) ८
लेखापाल (रा.प. अनं. प्र.प्र.) ३
तथ्याङ्क सहायक (रा.प. अनं.

## दरबन्दी सारांश

*केन्द्रीय तथ्यांक विभाग* *१४८*
*३३ तथ्यांक कार्यालयहरु* *३८४*

**राष्ट्रिय लेखा शाखा**

- अर्थतन्त्रमा भइरहने परिवर्तनका आर्थिक सूचक, परिसूचकहरूको भरपर्दो अनुमानको लागि राष्ट्रिय लेखा प्रणाली (System of National Accounts) लाई क्रमशः परिमार्जन गर्दै लैजाने कार्यहरू गर्ने, गराउने ।
- उत्पादन, उपभोग एवं पूंजी निर्माणको स्थिति एवं चालु मूल्यका अनुमानहरू, प्रारम्भिक, संशोधित एवं अन्तिम अनुमानहरू सालवसाली रुपमा गर्ने, गराउने कार्यको सुपरिवेक्षण गर्ने ।
- राष्ट्रिय लेखा तथ्याङ्कलाई सुदृढ एवं बढी भरपर्दो वनाउन आवश्यक पर्ने अध्ययन, सर्वेक्षणका क्षेत्रहरूको पहिचान गरी प्रस्तावहरू तयार गर्ने गराउने र कार्यान्वयनमा समेत आवश्यक सहयोग पु-याउने ।
- राष्ट्रिय लेखा सम्बन्धी तालिम संचालनको लागि प्रस्ताव तयार गरी सम्बन्धित शाखामा प्रस्तुत गर्ने ।
- राष्ट्रिय लेखा प्रणालीको क्रमिक सुदृढीकरणलाई ध्यानमा राखी शाखाको प्रशासनिक संगठन संचालनमा जिम्मेवार रही आवश्यक कार्य गर्ने, गराउने ।
- शाखा अन्तर्गत बार्षिक कार्यक्रमहरू तयार गर्ने एवं कार्यक्रम कार्यान्वयनको सुपरिवेक्षण गर्ने ।

**कृषि तथा पशुपक्षी गणना तथा सर्भेक्षण शाखा**

- कृषि गणना कार्यको संचालनको लागि स्तर निर्धारण समन्वय तथा योजना शाखासंग घनिष्ट रुपमा सम्त्रन्ध कायम गरी कृषि गणना प्रारुप तयार गर्ने ।
- कृषि गणना गर्ने, सोको लागि पूर्व तयारी गर्ने एवं गणना पश्चात प्रतिवेदन समेत पेश गर्ने ।

- गणनाबाट प्राप्त तथ्याङ्कहरू प्रशोधन एवं विश्लेषण गर्ने ।
- कृषि अर्थतन्त्रको ढाँचाहरू सम्बन्धी तथ्याङ्कहरूका तुलनात्मक अध्ययन गर्ने, गराउने ।
- कृषि गणनाका नतीजाहरूको विश्लेषण गरी प्रकाशन गर्ने, गराउने ।
- राष्ट्रिय कृषि विकास नीति तर्जुमाको लागि उपयुक्त हुने मौसम अनुसार (हिउँदे र बर्षे) अन्न बाली -धान, गहुँ, कोदो आदि) नगदेवाली (जुट, उखु, सूर्ती आदि) तेलवाली (तोरी, सस्यौं आदि) र दलहन वाली (मास, मुसुरो, रहर आदि) को वस्तुगत रुपमा बाली तथ्याङ्क संकलन गरी सोको प्रशोधन, विश्लेषण गरी तथ्याङ्क तयार गर्ने ।
- प्रत्येक बर्षमा सर्वेक्षणमा प्रयोग गरिने प्रश्नावली, तथ्याङ्कीय विधि र तथ्याङ्कीय दिग्दर्शनको मूल्यांकन गर्ने ।
- अद्यावधिक रुपमा पशुपंक्षी गणना गर्ने ।

**मूल्य तथ्यांक शाखा**

- राष्ट्रिय स्तरमा कृषि तथा औद्योगिक क्षेत्रका आवधिक उत्पादन र मूल्य सम्बन्धी सूचकांकहरू निर्माण गर्ने ।
- कृषि तथा औद्योगिक उत्पादनमा भएका हेरफेरमा वस्तुगत जानकारी गर्ने ”कृषि उत्पादन सूचकांक” र ”औद्योगिक उत्पादन सूचकांक” तथ्यांकीय विधि अनुसार आवधिक रुपले निर्माण गर्ने, विश्लेषण गर्ने र प्रकाशनको लागि तयार गर्ने कार्यहरूमा निर्देशन दिने ।

- कृषि तथा औद्योगिक वस्तुहरूको उत्पादन मूल्यमा हुने परिवर्तनहरूको बारेमा समुचित जानकारी गर्न ”कृषि जन्य वस्तुहरूको उत्पादन मूल्य सूचकांक” र ”औद्योगिक उत्पादक मूल्य सूचकांक” तथ्याङ्कीय विधि अनुसार आवधिक रुपले निर्माण गर्ने, विश्लेषण गर्ने र प्रकाशनका लागि तयार गर्ने कार्यहरूमा निर्देशन दिने ।
- कृषि तथा औद्योगिक वस्तुहरूको उत्पादन र मूल्य सूचकांकको प्रारम्भिक अनुमानहरू तथ्याङ्कीय विधि अनुरुप तयर गर्ने विश्लेषण गर्ने र प्रकाशनको लागि तयार गर्ने कार्यहरूमा निर्देशन दिने ।
- निर्यात तथा आयात भएका वस्तुहरूको (Standard International Trade Classification (SITC)) अनुसार मूल्य सूचकांकहरू तथ्याङ्कीय विधि अनुरुप निर्माण गर्न, प्रारम्भिक अनुमान गर्न, विश्लेषण गर्न र प्रकाशनको लागि तयार गर्ने कार्यहरूमा निर्देशन दिने ।
- आवश्यकतानुसार क्षेत्रीयस्तरमा औद्योगिक वस्तुहरूको उत्पादन तथा मूल्य सूचकांकहरू निर्माण गर्न आवश्यक निर्देशन दिने ।
- ”औद्योगिक उत्पादन सूचकांक” तथ्याङ्कीय विधि अनुरुप आवधिक रुपले निर्माण गर्ने, विश्लेषण गर्ने र प्रकाशनको लागि तयार गर्ने कार्यहरूमा निर्देशन दिने ।
- ”औद्योगिक उत्पादक मूल्य सूचकांक” तथ्याङ्कीय विधि अनुरुप आवधिक रुपले निर्माण गर्ने, विश्लेषण गर्ने र प्रकाशनको लागि तयार गर्ने कार्यहरूमा निर्देशन दिने ।
- औद्योगिक वस्तुहरूको उत्पादन र मूल्य सूचकांकहरूको तथ्याङ्कीय विधि अनुरुप प्रारम्भिक अनुमानहरू तयार गर्ने, विश्लेषण गर्ने र प्रकाशनको लागि तयार पर्ने कार्यहरूमा निर्देशन दिने ।
- उत्पादन तथा मूल्य सूचकांकहरू निर्माण गर्नका लागि चाहिने पूर्वाधारहरू तयार गर्न आवश्यक अध्ययन तथा सर्वेक्षणहरू गर्ने कार्यमा निर्देशन दिने ।

- अर्थतन्त्रमा विभिन्न आर्थिक क्रियाकलापहरूमा हुने परिवर्तनहरूको वारेमा अध्ययन गर्न आवश्यक देखिने अन्य आर्थिक सूचकांकहरू निर्माण गर्नको लागि प्रस्तावहरू तयार गर्ने र सम्बन्धित अधिकारी समक्ष पेश गर्ने ।
- अन्तराष्ट्रिय संस्थाद्वारा संचालन गरिने तथ्याङ्कीय कार्यहरू जस्तैः International Comparison Programme (ICP) जस्ता कार्यक्रमहरूमा संलग्न रही निर्दिष्ट कार्यहरू विभागको राष्ट्रिय आय शाखाको पनि सहयोग लिई सम्पन्न गर्ने ।

**व्यापार तथ्यांक शाखा**

- व्यापार तथ्याङ्क क्षेत्रमा भईरहने परिवर्तनका सूचकहरु तथा परिसूचकहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय मान्यता अनुसार क्रमश : परिमार्जन गर्दै भरपर्दो र सूचनामूलक बनाउने ।
- व्यापार तथ्याङ्क क्षेत्रमा आवश्यक पर्ने भिन्न भिन्न आर्थिक क्षेत्रहरुको पहिचान गरी त्यस्तो क्षेत्रहरुको अध्ययन, सर्वेक्षण र गणना गर्ने, गराउने ।
- आन्तरिक तथा वैदेशिक व्यापार तथ्याङ्कहरुलाई मासिक, त्रैमासिक तथा बार्षिक रुपमा सम्पादन गरी प्रकाशन गर्ने व्यवस्था मिलाउने ।
- बैदेशिक व्यापार तथ्याङ्क (आयत, निर्यात तथा व्यापार सन्तुलन) हरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय मान्यता अनुरुप वर्गीकरण गर्ने, गराउने ।
- व्यापार तथ्याङ्क सम्बन्धी तालिम संचालनको लागि प्रस्ताव तयार गरी सम्बन्धित शाखामा प्रस्तुत गर्ने ।
- व्यापार तथ्याङ्कको क्रमिक सुदृढीकरणलाई ध्यानमा राखी शाखाको प्रशासनिक संगठन संचालनमा जिम्मेवार रही आवश्यक कार्य गर्ने, गराउने ।

- बैदेशिक व्यापार तथ्याङ्कहरुमा काम गरेका निकायहरु : भन्सार बिभाग, नेपाल राष्ट्र बैङ्क, व्यापार प्रवर्द्धन केन्द्रसगँ समन्वय कायम गरी व्यापार तथ्याङ्कको कार्य क्रमशः केन्द्रीय तथ्याङ्क विभाग बाट गराउन आवश्यक पहल गर्ने ।
- शाखा अन्तर्गत बार्षिक कार्यक्रमहरु तयार गर्ने एवं कार्यक्रम कार्यान्वयनको सुपरिवेक्षण गर्ने ।

**प्रतिष्ठान गणना तथा सर्वेक्षण शाखा**

- प्रत्येक पांच बर्षमा संचालन गरिने औद्योगिक प्रतिष्ठानहरू (Manufacturing Establishments) को गणनाको लागि प्रश्नावली र नियम परिभाषा आदि तयार गर्ने र गणना कार्य सम्पन्न गर्ने, गराउने ।
- औद्योगिक गणनाबाट संकलित आधारभूत तथ्याङ्कहरूको सम्पादन एवं लगत प्रशोधन गरी तथ्याङ्कीय नतीजा प्रकाशन गर्ने, गराउने ।
- सबै किसिमका उद्योग (All Kinds of Industries) को अभिलेख अद्यावधिक गर्ने, गराउने ।
- उद्योग मंत्रालय, उद्योग विभाग, घरेलु विभाग, नेपाल राष्ट्र बैंक, भन्सार विभाग, व्यापार प्रवर्द्धन केन्द्र, वाणिज्य मन्त्रालय एवं उद्योग वाणिज्य सम्बन्धी निकायहरूसंग घनिष्ट रुपमा समन्वय कायम राख्ने र तथ्याङ्कको अभिलेख अद्यावधिक गरिराख्ने ।
- बार्षिक औद्योगिक सर्वेक्षणको लागि डिजाइन, प्रश्नावली, तालिका (Output Table) आदि तयार गरी, गराई सर्वेक्षण कार्य सम्पन्न गर्ने, गराउने ।
- औद्योगिक गणनाबाट प्राप्त तथ्याङ्कको आधारमा बार्षिक औद्योगिक सर्वेक्षणका लागि आधार तयार गर्ने, गराउने ।
- बार्षिक औद्योगिक सर्वेक्षणबाट प्राप्त तथ्याङ्कको विश्लेषणात्मक अध्ययन गरी प्रतिवेदन तयार गर्ने, गराउने ।
- उद्योग प्रतिष्ठानहरू वाहेक अन्य निर्माण, खानी र क्वायरिङ्ग, खुद्राकर, थोक व्यापार, विद्युत, ग्यांस र पानी जस्ता अन्य उद्योग प्रतिष्ठानहरूको सर्वेक्षण क्रमशः गर्दै, गराउंदै जाने ।

- अन्य उद्योग प्रतिष्ठानको सर्वेक्षणबाट प्राप्त आधारभूत तथ्याङ्कहरूको सम्पादन एवं लगत प्रशोधन गरी नतीजाहरू प्रकाशन गर्ने, गराउने ।
- सम्वन्धित निकायहरूसंग समन्वय कायम गरी विदेशी व्यापारको तथ्याङ्कहरू संग्रह गरी सम्पादन, उत्पादन, विश्लेषण र प्रकाशन गर्ने, गराउने ।

**कृषि तथा वन तथ्यांक शाखा**

- कृषि, वन, वागवानी, पशुपंक्षी, मत्स्य लगायत तथ्यांक सालबसालीरुपमा निकाल्नका लागि उपयुक्त श्रोतहरुबाट तथ्यांक संकलन, सम्पादन, प्रशोधन आदि कार्यको व्यवस्थापन गर्ने ।
- कृषिगणना र अन्य सर्वेक्षणबाट नियमित रुपमा प्राप्त हुने कृषि तथ्यांकबाहेक अन्यप्रकारका कृषि तथ्यांक प्रकाशन गर्नका लागि आवश्यक सर्वेक्षण गर्ने, गराउने ।
- सहस्राब्दी विकास लक्ष र नेपाल सरकार पक्ष रहेको अन्य कृषि सूचकहरुको मापनका लागि आवश्यक पर्ने तथ्यांकको संकलन, सम्पादन, संग्रह, प्रशोधन र प्रकाशनको व्यवस्था मिलाउने ।
- सर्वेक्षणबाट प्राप्त तथ्याङ्कहरू प्रशोधन एवं विश्लेषण गर्ने ।
- कृषि अर्थतन्त्रको ढाँचाहरू सम्बन्धी (कृषि तथा वन गणनामा संकलन गरिएका तथ्याङ्कहरूको) तुलनात्मक अध्ययन गर्ने, गराउने ।
- कृषि तथा वन गणनाका नतिजाहरूको विश्लेषण गरी प्रकाशन गर्ने, गराउने ।
- सालबसाली कृषि तथ्यांक प्रकाशन गर्ने र त्यसको स्तरीयता र शुद्धता जाँचका लागि सरोकारवाला निकायहरुसँग समन्वय गर्ने ।-
- कृषि तथा वन सम्बन्धी तथ्याङ्कहरू अध्यावधिक गर्ने र सम्बन्धित निकायहरूसँग निकटतम समन्वय कायम राख्ने ।

**आर्थिक गणना शाखा**

- आर्थिक क्षेत्रसँग सम्बन्धित विविध क्षेत्रहरुको गणना तथा सर्वेक्षणका लागि आवश्यक कार्य तथा व्यवस्थापन गर्ने ।
- अनौपचारिक आर्थिक क्षेत्रको अध्ययन तथा सर्वेक्षणकार्य तथा व्यवस्थापन गर्ने ।
- व्यावसायिक डाइरेक्टरीकोकार्य तथा व्यवस्थापन गर्ने ।
- सालबसालीरुपमा आर्थिक क्षेत्रहरुमध्येबाट प्राथमिकतानुसार आर्थिक सर्वेक्षण सञ्चालन गर्ने ।
- आर्थिक सर्वेक्षणबाट प्राप्त आँकडाहरु प्रशोधन, विश्लेषण, प्रकाशन गर्ने ।

**योजना शाखा**

- बार्षिक कार्यक्रम र बजेट तयार गरी स्वीकृत गराउने ।
- राष्ट्रिय तथ्याङ्क परिषद्मा पेश हुने प्रस्ताव सम्बन्धमा अध्ययन गरी आवश्यकता अनुसार प्रतिक्रिया दिने ।
- अन्तर्गत कार्यहरूको प्रगति प्रतिवेदन तयार गर्ने ।

**तालिम शाखा**

- केन्द्रीय तथ्याङ्क विभागद्वारा संचालन गरिने विभिन्न तथ्याङ्क विकास आयोजनाहरूसंग सम्बन्धित तालिम पक्षका क्रियाकलापहरूमा कार्यान्वयनका लागि तालिम शाखामा उपलब्ध भएका सुविधाहरू प्रदान गरी आवश्यक सहयोग पु-याइदिने ।
- मुलुकको समुचित तथ्याङ्क विकासको लागि अत्यावश्यक पर्ने दक्ष जनशक्ति उत्पादनको लागि योजना तर्जुमा, एवं कार्यान्वयन गर्ने, गराउने ।

- केन्द्रीय तथ्याङ्क विभागको पुनर्गठित संरचनालाई मध्यनजर राखी केन्द्र र जिल्लास्तरसम्मका सम्पूर्ण कर्मचारीहरूको सक्षमता विकास गर्न आवश्यक पर्ने तालिम कार्यक्रमको व्यवस्था गरी संचालन गर्ने ।

**प्रकाशन वितरण तथा पुस्तकालयशाखा**

- विभिन्न बिषयवस्तुगत सर्वेक्षण एवं गणना कार्यक्रम संचालनको लागि मानचित्र सम्बन्धी आवश्यक सल्लाह दिने र सहयोग गर्ने ।
- विभिन्न महाशाखाहरूले संचालन गरेका सर्वेक्षण एवं गणनाहरूको नतीजा प्रकाशन गर्न सम्बन्धित निकायहरूलाई सहयोग गर्ने, गराउने ।
- विभिन्न निकायहरूबाट प्राप्त सेकेण्डरी डाटाको आधारमा विभिन्न प्रकाशनहरू प्रकाशन गर्ने ।
- प्रकाशित तथ्याङ्कहरू सही तथ्याङ्क उपभोक्ताहरूसम्म पु-याउने ।
- तथ्याङ्क सम्बन्धी उच्चस्तरको पुस्तकालय संचालन गरी तथ्याङ्कको उपयोगकर्ताहरूको चाहना र माग परिपूर्ति गर्ने ।
- प्रकाशन र वितरण प्रणालीमा सुधार ल्याउनुको साथै कार्टोग्राफी यूनिट र पुस्तकालयको विकासमा सुढृढीकरण गर्ने ।

**सर्वेक्षण अनुमति तथा स्याम्पल डिजाइनशाखा**

- नेपालभर विभिन्न तथ्याङ्कीय क्षेत्रमा प्रयोगमा ल्याइएका तथ्याङ्कीय विधि संकलन गरी मूल्यांकन गर्ने र सर्वमान्य विधिको विकास गर्न आवश्यक कार्य गर्ने, गराउने ।
- अन्तर्राष्ट्रियस्तरमा प्रयोगमा ल्याइएको आर्थिक सर्वे तथा गणना प्रारुप तयार गरी अध्ययन गर्ने र देशको आवश्यकता अनुसार सर्वे गणनाको प्रारुप तयार गर्ने र स्वीकृति प्राप्त गरी भावी कार्यक्रममा लागू गर्ने, गराउने ।

- अन्तर्राष्ट्रियस्तरमा मान्यता प्राप्त वृहत नमूना प्रारुप (Large Sample Design) र लघु नमूना प्रारुप (Small Sample Design)अध्ययन गरी विभिन्न तथ्याङ्क क्षेत्रमा प्रयोगको लागि उपयुक्त नमूना प्रारुप तयार गरी पेश गर्ने ।
- कुनै निकायले कुनै पनि प्रकारको तथ्याङ्क संकलन गर्दा यस शाखाको स्वीकृति लिनुपर्ने व्यवस्था निर्देशित गर्ने ।
- यस शाखाले उपर्युक्त निकायहरूको उद्देश्य, तथ्याङ्क संकलनको विधि परिभाषाहरूको अध्ययन गरी मात्र स्वीकृति दिने, त्रुटिहरू रहेमा त्यसलाई सुधार गर्न आवश्यक निर्देशन गर्ने ।

**समन्वय तथा स्तर निर्धारण शाखा**

- तथ्याङ्क संकलन गर्ने विभिन्न निकायहरुबीच तथ्याङ्क संकलन विधि र तौर तरिकाबीच एकरुपता ल्याउन समन्वय गर्ने ।
- नेपाल भरमा एकै क्षेत्रमा प्रयोग गरिने तथ्याङ्कीय विधिमा एकरुपता ल्याउनको लागि कार्यशाला गोष्ठी एवं तालिमको आयोजना गर्ने ।
- केन्द्रीय तथ्याङ्क विभाग र अन्य तथ्याङ्क सम्बन्धी कार्य गर्न सरकारी एवं गैर सरकारी कार्यालयको लागि तथ्याङ्कीय विधिको सल्लाहकारका रुपमा कार्यसम्पादन गर्ने ।
- अन्तर्राष्ट्रिय तथ्याङ्क सम्बन्धित संस्थाहरूसंग सुनियोजित रुपमा सम्बन्ध कायम राख्ने ।
- तोकिए अनुसार सम्बन्धित बिषयमा हुने सभा, गोष्ठी एवं सेमिनारमा भाग लिने ।
- अन्तराष्ट्रिय रुपमा स्वीकार गरिएका विधि तथा वर्गीकरणहरुको नेपालस्तरीय कार्यहरु गर्ने ।
- अन्तर्राष्ट्रिय तथ्याङ्कीय विधिको अध्ययन एवं विश्लेषण गरी प्रचलित विधिलाई परिमार्जन गरी सबै निकायहरूलाई उपयुक्त हुने गरी दिग्दर्शन तयार गर्ने र समय समयमा परिमार्जन गर्दै लैजाने ।

- केन्द्रीय तथ्याङ्क विभाग र अन्य तथ्याङ्क सम्बन्धी कार्य गर्न सरकारी एवं गैर सरकारी कार्यालयको लागि तथ्याङ्कीय विधिको सल्लाहकारका रुपमा कार्यसम्पादन गर्ने ।
- तथ्याङ्क संकलन विधि, वर्गीकरण विधि, तालिकीकरण विधि, अनुमान विधि, व्यवस्था गर्ने विधि, विश्लेषण गर्ने विधि, तथ्याङ्कीय निश्कर्ष निकाल्न विधिको व्यापक रुपमा प्रचार प्रसार गर्ने ।

**प्रशासन शाखा**

- विभाग वा अन्तर्गत कार्यालयहरूको आवश्यक जनशक्तिको संख्या निर्धारण गरी नपुग भएमा पद व्यवस्था निर्देशिका बमोजिमको प्रक्रिया पूरा गरी निर्णय बमोजिम थप दरबन्दी पूरा गर्न तथा रिक्त पदहरूमा पदपूर्ति गर्न कारवाही चलाउने ।
- विभाग र अन्तर्गत कार्यालयहरूका कर्मचारीहरूको नियुक्ती, सरुवा, बढुवा, तालिम, एफिसियन्सी वारपार, प्रोत्साही पुरस्कार, राजिनामा वा अन्य कर्मचारी प्रशासन सम्बन्धित विषयहरूमा रायसहित उप-महानिर्देशक समक्ष पेश गरी निर्णय बमोजिम कार्यसम्पादन गर्ने, गराउने ।
- कर्मचारी नयाँ भर्ना वा पदस्थापन भई आएपछि विभाग र अन्तर्गत कार्यालयको कामको जानकारी दिने स्वीकृत पदको कार्य विवरण दिने व्यवस्था गर्ने, गराउने ।
- आवश्यकता अनुसार विभागीय कारवाही गर्नुपर्दा उक्त कारवाही शुरु गर्ने तथा निर्णय बमोजिम कारवाही गर्ने वा सम्बन्धित कार्यालयहरूमा लेखी पठाउने ।
- विभाग तथा अर्न्तगत कार्यालयहरुका पदाधिकारीहरुलाई निमित्त, कायम मुकायम तथा काज सम्बन्धी कारवाही चलाई निर्णयानुसार सम्बन्धित कर्मचारी र कार्यालयहरूलाई जानकारी गराउने ।
- विभाग र अन्तर्गत कार्यालयहरूका सम्पूर्ण कर्मचारीहरूको व्यक्तिगत विवरण तथा दरवन्दी अभिलेख अद्यावधिक राख्ने, राख्न लगाउने ।

- विभागका पियन, सवारी चालक तथा टाइपिष्टहरूको संचालन तथा व्यवस्था मिलाउने ।
- कार्यालयले उपयोग गरेको स्थानको सर-सफाई सम्बन्धमा उपयुक्त व्यवस्था गर्ने, गराउने ।
- कार्यालयका सामानहरूको सुरक्षा तथा आगन्तुकहरू व्यवस्थित रुपमा आउने जाने व्यवस्था गर्ने, गराउने ।
- सवारी साधनहरूको उपयुक्त रेखदेख र नियन्त्रणको व्यवस्था गर्ने, गराउन लगाउने ।
- कार्यालयको फर्निचर, धारा, बत्ती तथा अन्य मेशीन औजारको मर्मत सम्भार गराई संचालन स्थितिमा राख्ने व्यवस्था गराउने ।
- जनसम्पर्क सोधपुछ एवं दर्ता चलानीको व्यवस्था गर्ने, गराउने ।
- विभाग र अन्तर्गत कार्यालयका कर्मचारीहरूको हाजिरी, गयल, विदा र विदा रिकर्डको अभिलेख अद्यावधिक राख्न लगाउने ।
- विभागको जिन्सी सामानहरूको अद्यावधिक लगत तयार गरी राख्न लगाउने ।
- कर्मचारीहरू ठीक समयमा आए नआएको छड्के निरीक्षण गर्ने, गराउने ।
- विभागको भौतिक साधनहरूको स्याहार सम्भार तथा संरक्षण गर्ने व्यवस्था मिलाउने ।

**आर्थिक प्रशासन शाखा**

- विभागको बार्षिक कार्यक्रम अनुसार आर्थिक बर्षको साधारणतर्फको अनुमानित बजेट तयार गर्ने र स्वीकृतिको लागि पेश गर्ने ।
- स्वीकृत बजेट बमोजिम विभागको आर्थिक कारोवार संचालन गर्ने ।
- जिल्लास्तरीय कार्यालयहरूलाई आर्थिक ऐन नियमको आधारमा आवश्यकता अनुसारको राय सल्लाह दिने ।
- स्वीकृत बिनियोजन बजेट अन्तर्गत कोष तथा लेखा नियन्त्रक कार्यालयबाट रकम निकाशा प्राप्त गर्नुपर्ने सबै कारवाही गर्ने ।
- विभागको लागि आवश्यकतानुसार थप निकाशा कारवाहीको आवश्यक व्यवस्था मिलाउने साथै आवश्यकतानुसार कार्यक्रममा संशोधन भई सकेपछि रकमान्तरको कारवाही गर्ने ।

- ऐन नियमानुसार तोकिएको स्रेस्ताहरू अद्यावधिक राख्ने, राख्न लगाउने र नियमानुसार पाउने म्यादभित्र पेश्की फछ्र्यौट गराउने व्यवस्था गर्ने ।
- जिल्लास्तरका कार्यालयहरूको आर्थिक कारोवार सुपरिवेक्षण गर्ने ।
- विकास निर्माण सम्बन्धी खर्चको तथ्याङ्कहरू अद्यावधिक राख्ने व्यवस्था गर्ने, गराउने ।
- आर्थिक बर्ष व्यतित भएपछि विभागको साधारणतर्फको बजेट मौज्दात खर्च संचित कोषमा दाखिला गराउने ।
- विभागको राजश्व, स्रेस्ता सुव्यवस्थित रुपले राख्ने व्यवस्था गर्ने, गराउने तथा धरौटी र उज्राती स्रेस्ता फछ्र्यौट गर्ने, गराउने ।
- निर्माण कार्यहरू वा ठेक्कापट्टाबाट निर्माण र सामान खरिद कार्य भएकोमा प्रचलित आर्थिक ऐन नियमको अधीनमा रहेर भुक्तानी दिने, दिलाउने व्यवस्था गर्ने र पेश गर्ने ।
- नियम बमोजिम विभिन्न बजेट अन्तर्गत भएका खर्चहरूको भुक्तानी दिने वा आर्थिक सहायताहरू प्रदान गर्ने ।
- तलब कट्टा भएको कर्मचारी संचय कोष, नागरिक लगानी कोष, पेन्सन कोष, वीमा कोष र सापटी कट्टी रकम सम्बन्धित कार्यालयमा दाखिला गर्ने, गराउने ।
- नियमानुसार पारिश्रमिक कर कट्टा गरी कर कार्यालयले तोकेको खातामा जम्मा गरेर सोको सूचना कर कार्यालयलाई दिने ।
- कर्मचारीलाई नियमानुसार तलब भत्ता, उपदान, लुगा भत्ता, औषधी उपचार खर्च उपलब्ध गराउने ।
- आर्थिक प्रशान सम्बन्धी ऐन, नियम, आदेश तथा परिपत्रहरू सबै कर्मचारीहरूलाई जानकारी गराउने र लेखातर्फ रेखदेख, नियन्त्रण र सुपरिवेक्षण गर्ने , गराउने ।
- विभागमा तयार भएको स्रेस्ताको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने ।
- आन्तरिक तथा लेखापरीक्षणबाट देखाइएका बेरुजुको लगत खडा गर्ने र तदारुकताका साथ फछ्यौट गर्ने, गराउने ।

**घरपरिवार सर्वेक्षण शाखा**

- राष्ट्रिय विकास नीतिको अनुरुप मूल्यांकन गर्न सघाउने तथा देशको सामाजिक, आर्थिक विकास कार्यक्रमको आयोजना तर्जुमाको लागि घरपरिवार सर्वेक्षणहरूबाट आवश्यक तथ्याङ्क उत्पादन गर्ने कार्यक्रम संचालन गर्ने ।
- घरपरिवार सर्वेक्षण अन्तर्गत आइपर्ने कार्यहरू जस्तैः स्याम्पल डिजाइन, प्रश्नावली, तालीम, सर्वे संचालन तथा नतीजा प्रकाशनको सुपरिवेक्षण तथा संचालन गर्ने ।
- घरपरिवार सर्वेक्षणको माध्यमबाट जनशक्ति, पारीवारिक आय, उपभोग र बचत, पारीवारिक आर्थिक क्रियाकलाप, जनसंख्या तथा अन्य सामाजिक तथ्याङ्क नियमित रुपमा उत्पादन गर्ने, गराउने ।
- विभिन्न शाखाहरूले तथ्य र आंकडा संकलन, सम्पादन, प्रशोधन, विश्लेषण एवं प्रकाशन गर्ने क्रममा अपनाइने तथ्याङ्कीय विधिहरू सम्बन्धित निकायहरूसंग समन्वय राखी निर्धारण गर्ने । उक्त विधिहरूको परीक्षण गर्ने र सो परीक्षणको आधारहरूको आवश्यकीय निर्देशनहरू तयार गर्ने ।
- कार्यान्वयन पक्षमा देखापरेका त्रुटिहरूको मूल्यांकन गरी भविष्यमा संचालन गरिने गणना एवं सर्वेक्षणहरूमा सुदृढीकरण गर्ने ।

**जनसंख्या शाखा**

- नेपाल सरकारको राष्ट्रिय योजना आयोगको सचिवालयद्वारा निर्देशित सिद्धान्त अनुरुप र राष्ट्रिय विकास नीति अनुरुप विभिन्न आयोजना तर्जुमाको लागि उपयोगी हुने सामाजिक तथ्याङ्क सर्वेक्षण एवं जनगणना आयोजना तर्जुमा गर्ने, स्वीकृत गराउने, कार्यान्वयन गर्ने, गराउने ।
- प्रत्येक १० बर्षको अवधिमा नियमित रुपमा जनगणना संचालन गर्ने र जनगणना तथ्याङ्क प्रकाशन गर्ने ।

- आवश्यकता भएमा छनौट विधि प्रयोग गरी स्याम्पल तयार गर्ने, निर्देशिका पुस्तिका तयार गर्ने, प्रश्नावलीमा प्रयोग भएका "शव्द" हरूको परिभाषा तथा व्याख्या गर्ने, तालिम दिने र प्रश्नावलीको क्षेत्रीय परीक्षण गर्ने ।
- प्रत्येक जनगणनाको आंकडा विश्लेषणात्मक अध्ययन एवं व्याख्या गरी तथ्याङ्कीय निश्कर्ष निकाली, प्रत्येक तथ्याङ्कीय परिणतिको विश्वासनीयताको मापनसहित प्रतिवेदन पेश गर्ने ।
- राष्ट्रियस्तर, विकास क्षेत्रस्तर, जिल्लास्तर, ग्रामीणस्तर, नगरपालिकास्तर, वडास्तरको जनसंख्या विवरण तयार गर्ने ।
- तत्काल संचालन गरिएको जनगणनाका आधारमा बसाई सराई र जनघनत्वको प्रकृति सम्बन्धमा विश्लेषणात्मक अध्ययन गरी तथ्याङ्क प्रकाशन गर्ने ।
- राष्ट्रिय योजना आयोगको महाशाखा, पंजिकाधिकारीको कार्यालय, शिक्षा तथा खेलकुद मन्त्रालय र अन्य सम्बन्धित सरकारी एवं गैर सरकारी निकायहरूलाई अध्यावधिक जनसंख्या तथ्याङ्कहरू तथ्याङ्कीय अनुमान गर्न आवश्यक आधारभूत तथ्याङ्क उपलब्ध गराउने ।
- जनगणनाको आधारमा जनसंख्या प्रक्षेपण गरी विकास योजनाका विभिन्न कार्यलाई सहयोग गर्ने ।
- जनगणना विश्लेषण गरी प्रकाशन गर्ने ।
- तथ्याङ्क संकलन र विश्लेषण कार्यलाई आवश्यकता अनुसार परिमार्जन गर्दै विश्लेषण विधिलाई विकास गर्दै लैजाने ।

**लैंगिक तथा सामाजिक तथ्यांकशाखा**

- स्वीकृत सर्वे ढांचा अनुसार प्रत्येक बर्ष शिक्षा एवं साक्षरता सम्बन्धमा तथ्याङ्क संकलन, प्रशोधन, विश्लेषण एवं प्रकाशन गर्ने, गराउने ।
- रोजगार, वेरोजगार एवं श्रम सम्बन्धी तथ्याङ्कहरू स्वीकृत सर्वे ढांचा अनुसार संकलन गर्नु गराउनुको अतिरिक्त संकलित तथ्याङ्कको आवश्यक प्रशोधन एवं विश्लेषण समेत गराई प्रकाशन गर्न लगाउने ।

- विभिन्न निकायहरुबाट सामाजिक तथ्याङ्कहरू संकलन गर्ने र आवश्यक प्रशोधन एवं विश्लेषण गरी प्रकाशनको लागि तयार गर्ने, गराउने ।
- दुर्घटना, सामाजिक अपराध, मुद्दा आदि जस्ता सामाजिक क्रियाकलापहरुको तथ्याङ्क संकलन गरी आवश्यक प्रशोधन, विश्लेषण गर्न लगाई प्रकाशनको लागि तयार पार्न लगाउने ।
- अन्तर्गत कार्यको बार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृति गराई कार्यान्वयन समेत गर्ने, गराउने ।

**भौगोलिक सूचना प्रणाली (जी.आई.एस.)शाखा**

- कार्टोग्राफी तथा GIS कार्यलाई व्यवस्थित एवं सुविधा सम्पन्न वनाउने प्रवन्ध मिलाउने ।
- विभिन्न क्षेत्र एवं बिषयवस्तुगत प्रतिनिधित्व हुने गरी आवश्यकीय विभिन्न साइजको मानचित्र र चार्टहरू तयार गराउने ।
- सर्वेक्षण एवं गणना कार्यक्रम संचालनको लागि छनौटमा परेका इन्यूमरेशन व्लकहरू स्पष्ट रूपमा छुट्टिने गरी मानचित्र तयार गराउने ।
- विभिन्न विषयवस्तुगत सर्वेक्षण एवं गणना कार्यक्रम संचालनको लागि मानचित्र सम्वन्धी आवश्यक सल्लाह दिने ।
- विभिन्न गणना एवं सर्वेबाट प्राप्त तथ्याङ्कको प्रशोधन एवं विश्लेषण गरी आवश्यकता अनुसार विभिन्न क्षेत्रका क्षेत्रगत नक्शाङ्कन गराउने ।
- GIS सूचनाहरु अद्यावधिक गर्ने तथा सूचनाहरुलाई GIS प्रणालीमा नक्शाङ्कन गरी प्रकाशन गर्ने व्यवस्था मिलाउने ।

**व्यवस्थापन सूचना प्रणाली तथा सूचना प्रविधी र लगत प्रशोधन शाखा**

- विभाग तथा यस अन्तर्गतका कार्यालयहरुबाट सञ्चालित सर्वे तथा गणनाहरुको Data Processing को व्यवस्थापकीय जिम्मेवारी

- केन्द्रीय तथ्यांक विभागबाट अल्प, मध्य एवं दीर्घकालमा सञ्चालन गर्ने उद्देश्य राखिएका कार्यक्रमहरुमा प्रभावकारिता बृद्धिका लागि आवश्यक सूचना उपलब्ध गराउने ।
- नेपाल सरकारको e-governance inititive लाई आवश्यक पर्ने सूचनाहरुको व्यवस्थापनका लागि आवश्यक अध्ययन विश्लेषण गर्ने ।
- आधिकारिक तथ्यांक उत्पादन गर्ने विभिन्न निकायहरुमा व्यवस्थापन सूचना प्रणालीको प्रतिष्ठापनका लागि आवश्यक पहल गर्ने ।
- आधिकारिक तथ्यांक उत्पादन गर्ने विभिन्न निकायहरुमा व्यवस्थापन सूचना प्रणालीको प्रतिष्ठापनका लागि आवश्यक पहल गर्ने ।
- विभागका विभिन्न शाखाहरूबाट प्राप्त लगतहरुको प्रशोधन कार्यमा समन्वय कायम गर्ने ।
- डाटा वैंकमा उपलब्ध सूचनाहरुलाई सुरक्षित ढंगले राख्ने व्यवस्था मिलाउने ।
- सूचना प्रविधि व्यवस्थापन सम्बन्धी आवश्यक कार्य गर्ने, गराउने ।
- तथ्यांकीय क्षेत्रमा प्रयोग गर्ने गरी विकास भएका नयाँ नयाँ प्रविधिलाई आफ्नो संगठनको आवश्यकता र क्षमतानुसार अवलम्बन गर्नका लागि आवश्यक अध्ययन तथा सुझाव पेश गर्ने ।

**वातावरण तथ्यांक शाखा**

- भिन्न भिन्न आर्थिक क्षेत्रहरु जस्तैः यातायात, संस्कृति, शिक्षा, स्वास्थ, सामाजिक संरचना, वातावरण संरक्षण, पर्यटन, अनुसन्धान र विकास, विकास सहयोग, तथ्याङ्क प्रशोधन, आवास, संचार आदिको तथ्याङ्कको कमी पहिचान गर्नुका साथै अनौपचारिक क्षेत्र, लुकेको आर्थिक क्षेत्र र गैरकानूनी रुपमा संचालन भएका आर्थिक क्षेत्रहरुको पहिचान गरी त्यस्तो क्षेत्रहरुको अध्ययन, सर्वेक्षण र गणना गर्ने, गराउने र कार्यान्वयन समेत गर्ने, गराउने ।

- वातावरण क्षेत्रमा भईरहने परिवर्तनका सूचकहरु तथा परिसूचकहरुलाई System of Integrated Environment and Economic Accounts 2003, International Classifications and System of National Accounts 1993 अनुसार क्रमशः परिमार्जन गर्दै भरपर्दो र सूचनामूलक बनाउने ।
- वातावरण तथ्याङ्क तथा अन्य लेखा सम्बन्धी कार्यमा अन्य सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँग सम्बन्ध राखी समन्वय गर्ने ।
- वातावरणीय तथ्याङ्क / लेखा सम्बन्धी तालिम संचालनको लागि प्रस्ताव तयार गरी सम्बन्धित शाखामा प्रस्तुत गर्ने ।
- वातावरण तथ्याङ्क लेखा प्रणालीको क्रमिक सुदृढीकरणलाई ध्यानमा राखी शाखाको प्रशासनिक संगठन संचालनमा जिम्मेवार रही आवश्यक कार्य गर्ने, गराउने ।
- वातावरण तथ्याङ्क/लेखाका सम्बन्धमा नेपाल सरकार ,अन्य निकाय वा INGO लाई आवश्यक परामर्श एवं सल्लाह दिने ।

## ४. प्रदान गरिने सेवा

- वातावरण, आर्थिक लेखा तथा स्याटलाइट लेखा सम्बन्धी तथ्याङ्क संकलन, प्रशोधन तथा विश्लेषण
- औद्योगिक तथा प्रतिष्ठान गणना (साना /मझौला/ठूला उद्योग) को तथ्याङ्क संकलन, प्रशोधन तथा विश्लेषण
- औद्योगिक उत्पादन, निर्माण सामग्री, कामदार ज्यालादर, मूल्य सम्बन्धी आवधिक सूचकांकहरुको संकलन, प्रशोधन तथा विश्लेषण
- कृषि तथ्याङ्क संकलन, प्रशोधन तथा विश्लेषण
- व्यापार तथ्याङ्कको संकलन, संग्रह, प्रशोधन, विश्लेषण
- कुल ग्राहस्थ उत्पादन लगायत आर्थिक सूचकहरु संकलन, संग्रह, प्रशोधन, विश्लेषण
- निःशुल्क तथा सःशुल्क प्रकाशनहरु
- पुस्तकालय सेवा

- जनसंख्या तथ्याङ्क संकलन, संग्रह, प्रशोधन तथा विश्लेषण
- विद्युतीय माध्यममा उपलब्ध तथ्याङ्कहरु बारे जानकारी गराउने
- सामाजिक तथ्याङ्क (शिक्षा, स्वास्थ्य, प्रजनन्, सरसफाई, मानव विकास, दूर्घटना, अपराध, मुद्दा, जन्म, मुत्यू, विवाह, बसाई-सराई, लैङ्गिक विभेद, सामाजिक, आर्थिक तथा जनसांख्यिक) को संकलन, प्रशोधन तथा विश्लेषण
- भौगोलिक सूचना प्रणालीमा आधारित नक्सांकनका कार्यहरु

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

के.त.वि.मा कार्यगत शाखाहरु निम्नअनुसार रहेका र सम्बन्धित शाखाका निर्देशकहरु शाखाका जिम्मेवार अधिकारी हुन् ।

राष्ट्रिय लेखा शाखा

कृषि तथा पशुपक्षी गणना तथा सर्भेक्षण शाखा

मूल्य तथ्यांक शाखा

व्यापार तथ्यांक शाखा

प्रतिष्ठान गणना तथा सर्वेक्षण शाखा

कृषि तथा वन तथ्यांक शाखा

आर्थिक गणना शाखा

योजना शाखा

तालिम शाखा

प्रकाशन वितरण तथा पुस्तकालय शाखा

सर्वेक्षण अनुमति तथा स्याम्पल डिजाइन शाखा

समन्वय तथा स्तर निर्धारण शाखा

प्रशासन शाखा

आर्थिक प्रशासन शाखा

घरपरिवार सर्वेक्षण शाखा

जनसंख्या शाखा

लैंगिक तथा सामाजिक तथ्यांक शाखा

भौगोलिक सूचना प्रणाली (जी.आई.एस.) शाखा

व्यवस्थापन सूचना प्रणाली तथा सूचना प्रविधी र लगत प्रशोधन शाखा

वातावरण तथ्यांक शाखा

**तथ्यांक कार्यालयका जिम्मेवार अधिकारीको विवरण:**

| सि.नं. | शा.त.का. | पद | **कार्यालय प्रमुखको** | **कार्यालयको** | |
|---|---|---|---|---|---|
| | | | कार्यालय प्रमुख | फोन नं. | इमेल |
| 1 | पाँचथर | त.अ. | श्री प्रकाश अधिकारी | 024—520116 | bsopanchthar@ntc.net.np |
| 2 | मोरङ्ग | निर्देशक | श्री अशोक कुमार भट्टराई | 021—524362 | |
| 3 | सुनसरी | त.अ. | श्री टिका प्रसाद नेपाल | 025—560109 | |
| 4 | धनकुटा | त.अ. | श्री सुवास अधिकारी | 026—520262 | bso_dkt@ntc.net.np |
| 5 | भोजपुर | त.अ. | श्री विमल कुमार यादव | 029—420104 | bsobhojpur@gmail.com |

| | | | | | |
|---|---|---|---|---|---|
| 6 | ओखलढुंगा | त.अ. | श्री राजेश दास | 037—520124 | |
| 7 | उदयपुर | त.अ. | श्री शिब नारायण महतो | 035—420109 | |
| 8 | धनुषा | त.अ. | श्री प्रविण कुमार चौधरी | 041—520404 | |
| 9 | महोत्तरी | त.अ. | श्री बिनय कुमार पाण्डे | 044—520028 | |
| 10 | सिन्धुली | त.अ. | श्री चुडामणी लुइटेल | 047—520128 | |
| 11 | काभ्रे | त.अ. | श्री दिनानाथ लम्साल | 011—662748 | |
| 12 | काठमाण्डौ | निर्देशक | श्री रामबन्धु रेग्मी | 01—4781255 | bsokath@wlink.com.np |
| 13 | नुवाकोट | त.अ. | श्री भविश्वर घिमिरे | 010—560252 | |
| 14 | मकवानपुर | त.अ. | श्री नवराज पौडेल | 057—523682 | bsomakwanpur@ntc.net.np |
| 15 | पर्सा | निर्देशक | श्री केशव ज्ञावाली | 051—521033 | bsoparsa34@gmail.com |
| 16 | चितवन | त.अ. | श्री जीबनाथ आचार्य | 056—520509 | |
| 17 | गोरखा | त.अ. | श्री यज्ञमूर्ति भण्डारी | 064—420198 | bsogorkha@ntc.net.np |
| 18 | स्याङ्जा | त.अ. | श्री विपिन कुमार पंजियार | 063—420119 | bsosyangja@yahoo.com |
| 19 | कास्की | निर्देशक | श्री जगुलाल बश्याल | 061—520313 | bso@fewanet.com.np |
| 20 | वाग्लुङ | त.अ. | श्री मुकुन्द शर्मा | 068—520276 | bsobgl@ntc.net.com |
| 21 | पाल्पा | त.अ. | श्री अनिरुद्ध प्र. उपाध्याय | 075—520512 | |
| 22 | कपिलवस्तु | त.अ. | श्री विकल्प चौधरी | 076—560061 | |
| 23 | प्यूठान | त.अ. | श्री रोचक सुवेदी | 086—460247 | bsopyuthan@gmail.com |
| 24 | रुकुम | त.अ. | श्री मेघराज पौडेल | 088—649106 | |
| 25 | दाङ | त.अ. | श्री तुलसीराम पोखेल | 082—560018 | bsodang@ntc.net.np |
| 26 | वाँके | नि.निर्देशक | श्री पोम नारायण पौडेल | 081—523563 | bsobanke@wlink.np |
| 27 | सुर्खेत | त.अ. | श्री लक्ष्मण कंडेल | 083—520204 | bsoskt@yahoo.com |

| | | | | | |
|---|---|---|---|---|---|
| 28 | जुम्ला | त.अ. | श्री दान बहादुर एडी | | |
| 29 | वाजुरा | नि.त.अ. | श्री खेमराज भट्ट | 097—541019 | |
| 30 | डोटी | त.अ. | श्री गौरी जोशी | 094—440153 | bso_doti@yahoo.com |
| 31 | कन्चनपुर | नि. निर्देशक | श्री गोविन्द न्यौपाने | 099—521347 | bso_kanchanpur@yahoo.com |
| 32 | डंडेल्धुरा | त.अ. | श्री चन्द्र बहादुर पाल | 096—420185 | |
| 33 | दार्चुला | त.अ. | श्री पदमराज पाण्डे | 093—420136 | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

विभागबाट प्रदान गरिने प्रायःजसो प्रकाशनहरु तथा सेवाहरु निःशुल्क प्रदान गरिन्छ। प्रायःजसो सर्वेक्षण तथा गणनाका माइक्रो डाटा सेटहरु सःशुल्क उपलब्ध हुनेछन्। माग गरेको सेवाको प्रकृति अनुसार यथाशिघ्र सेवा उपलब्ध गराईने छ।

## ७. निर्णय गर्ने प्रकृया र अधिकारी

सेवाग्राहीले आफूले चाहेको सेवाको विषयवस्तु सँग सम्वन्धित शाखाका निर्देशक समक्ष लिखित वा मौखिक रुपमा सूचना माग गर्नु पर्ने छ। निज निर्देशकनै आफ्नो शाखाको विवरण उपलब्ध गराउने जिम्मेवार अधिकारी हुन्।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

कुनै निर्देशकले गरेको निर्णय उपर सम्बन्धित महाशाखा प्रमुख अर्थात उपमहानिर्देशक समक्ष उजुरी दिन सकिने छ।

## ९. आ.व. २०७५/०७६ मा संचालन हुने प्रमुख कार्यक्रमहरु

- राष्ट्रिय जनगणना २०७८ को तयारी कार्य
- राष्ट्रिय जनगणना २०७८ को लागि नगरपालिकाहरुको गणनाक्षेत्र नक्सा तयारी भौगोलिक तथ्यांक संकलन तथा कम्प्यूटरमा इन्ट्री गर्न (डिजिटाइजेशन)े
- जनगणाना क्षेत्रका भौगोलिक तथ्यांक ब्यवस्थापन गर्नका लागि Geo Database तयार पार्ने
- जनगणना क्षेत्रका नक्सा तयारीका लागि लेआउट डिजाइनहरु तयार पार्ने
- रानिर्देशक २०७८ .ग.ज. समिति, प्राविधिक समिति र विषयगत समितिहरू गठन गरी वैठक संचालन गर्ने
- रा को लागि २०७८ .ग.ज.Project Document तयारिको लागि कार्याशाला संचालन गर्ने
- राको लागि मस्यौदा जनगणना संचालन निर्देशिका २०७८ .ग.ज. तयारिको लागि कार्यशाला गर्ने
- रा को २०७८ .ग.ज.Sampling Design सम्बन्धमा अन्तरक्रिया कार्यशाला संचालन गर्ने
- पाईलट जनगणनाको तयारी कार्य गर्ने
- रालाई लैंगिकमैत्री २०७८ .ग.ज., तथा समावेशी बनाउन प्रश्नावली, निर्देशिका तथा अन्य विषयमा छलफलको लागि अन्तरक्रिया गोष्ठि गर्ने
- राष्ट्रिय जनगणना २०७८ को सम्बन्धमा सरोकारवाला संघसंस्थासंग अन्तरक्रिया गोष्ठी
- राको विष २०७८ .ग.ज.यगत एवं मस्यौदा प्रशनावली तथा गणना विधिको परिक्षण, जिल्लामा EA Mapping सम्वन्धि कार्य गर्ने,
- राष्ट्रिय जनगणना २०७८ को लागि गणाना क्षेत्र नक्सांकन कार्य गर्नका लागि आवश्यक सामानहरु खरिद गर्ने
- गणना क्षेत्र नक्संकन सम्बन्धी अधिकृत स्तरिय अन्तरक्रिया गोष्ठि साथै सहायक स्तरिय तालिम संचालन गर्ने
- नेपाल जीवनस्तर सर्वेक्षण चौथोको प्राविधिक समिति वैठक संचालन गर्ने साथै प्रशनावली तयार गर्ने
- नेपाल जीवनस्तर सर्वेक्षण चौथोको प्रशनावली परीक्षण ( प्रदेशका भौगोलिक क्षत्रहरुमा ७)
- नेपाल जीवनस्तर सर्वेक्षण चौथोको प्रश्नावली, निर्देशिका, प्रचार सामग्री लगायतका छपाई
- नेपाल जीवनस्तर सर्वेक्षण चौथोको प्रशिक्षक प्रशिक्षण, अधिकृतस्तरिय र सुपरिवेक्षक तथा गणक तालिम
- नेपाल जीवनस्तर सर्वेक्षण चौथोको गणना सामग्री प्याकिङ र ब्यवस्थापन गर्ने
- नेपाल जीवनस्तर सर्वेक्षण चौथोमा केन्द्र तथा फिल्ड कार्यमा खटिने कर्मचारिहरुका लागि अवश्यक सामाग्री खरिद
- नेपाल जीवनस्तर सर्वेक्षण चौथोको तथ्यांक प्रशोधन सम्बन्धी कार्यशाला र नतिजा सार्वजनिकिकरण गोष्ठि
  नेपाल श्रमशक्ति सर्वेक्षणको संकलित तथ्यांकको स्थलगत भेरिफिकेसन कार्य गर्ने
- नेपाल श्रमशक्ति सर्वेक्षणको तथ्यांक विष्लेषण सम्बन्धि कार्यशाला एवं नतिजा सावर्जिनक गर्नै
- नेपाल बहुसुचक सर्वेक्षण २०१९ को निर्देशिका तयारी सम्बन्धि कार्यशाला गोष्ठि
- नेपाल बहुसुचक सर्वेक्षण २०१९ को स्थलगत मूलतथ्यांक संकलन तथा सुपरिवेक्षण गर्ने
- नेपाल बहुसुचक सर्वेक्षण २०१९ को तथ्यांक तालिकिकरण निर्माण तयारी सम्बन्धी कार्यशाला गोष्ठि

- नेपाल वातावरण तथ्यांक संकलन, प्रकाशन र सार्वजनीकरण
- फोहरमैला तथ्यांक संकलन र स्थानिय तहको क्षमता बिकास गर्ने
- नेपाल टेलिकमबाट इन्टरनेट सेवा लिने, ब्याकअप इन्टरनेट सेवा लिने साथै सूचना प्रविधि परामर्स सेवा लिने
- रेड हयाट लिनक्स तालिम र के.वि.त. वेबपेज स्तरोन्ति पुनर्निर्माण
- तथ्यांक कार्यालयहरुको सूचना प्रविधि क्षमता विकास कार्यशाला गोष्ठि
- राष्ट्रिय आर्थिक गणना २०७५ को तालिम गोष्ठी, राष्ट्रिय आर्थिक गणना २०७५ को लगत प्रशोधनको तालिम
- अनौपचारिक तथ्यांक मापन विधि विकास गोष्ठी
- आर्थिक गणना प्राबिधिक समिति, संयुक्त समन्वय समिति )JCC) तथा निर्देशक समितिको बैठक
- राष्ट्रिय आर्थिक गणना २०७५ को प्रारंभिक नतिजा गोष्ठी साथै राष्ट्रिय आर्थिक गणना २०७५ को तथ्यांक नतिजा गोष्ठी
- सहकारी र पर्यटन क्षेत्रको स्याटलाइट एकाउण्ट तयार गर्ने
- राष्ट्रिय लेखा Rebasing सम्बन्धि कार्य र बार्षिक राष्ट्रिय लेखा सम्बन्धी कार्य
- बार्षिक राष्ट्रिय लेखा तथ्यांकको प्रारम्भिकसंशोधित अनुमान प्रकाशन/
- समन्वय विस्तार कार्यशाला तथा अन्तरक्रिया र राष्ट्रिय लेखा कार्यक्रम समन्वय गर्न प्राविधिक समितिको बैठक आयोजना
- जिल्लामा बार्षिक तथा त्रैमासिक राष्ट्रिय लेखा सम्बन्धी तथ्यांक संकलन, अनुगमन तथा सुपरिवेक्षण कार्य
- उत्पादन तथा मूल्य सम्वन्धी तथ्यांक संकलन कार्यक्रम र प्राविधिक समितिकमा छलफल कार्यक्रम
- प्रदेश स्तरीय मूल्य सूचकांक निर्माण सम्बन्धी कार्यशाखा गोष्ठी तथा उत्पादन तथा मूल्य सम्बन्धि डाटा भ्यालिडेशन कार्यशाला गोष्ठी
- जिल्लामा औद्यौगिक वस्तुहरुको उत्पादन तथा उत्पादकको मूल्य सूचकांक, कृषि वस्तुहरुको उत्पादकको मूल्य सूचकांक र निर्माण क्षेत्रको लागत मूल्य सूचकांक सम्बन्धी तथ्यांक संकलन
- जिल्लामा औद्यौगिक वस्तुहरुको उत्पादन तथा उत्पादकको मूल्य सूचकांकको लागि त्रैमासिक सर्वेक्षणको अनुगमन, सुपरिवेक्षण तथा भेरिफिकेशन
- कृषि वस्तुहरुको उत्पादकको मूल्य सूचकांकको लागि त्रैमासिक सर्वेक्षण
- निर्माण क्षेत्रको लागत मूल्य सूचकांकको लागि त्रैमासिक सर्वेक्षणको अनुगमन, सुपरिवेक्षण तथा भेरिफिकेशन गर्नै
- व्यापार सम्बन्धी तथ्यांकलाई व्यवस्थीत बनाउन अन्तर निकायबीच समन्वय बैठक
- आयातनिर्यात तथ्याङ्क सम्बन्धी कार्यशाला गोष्ठि/ र Trade in Services सम्बन्धी कार्यशाला गोष्ठि
- औधोगिक सर्वेक्षण २०७६ को तयारी कार्य तथा औधोगिक सर्वेक्षण २०७६ को लागि Sample Design तयार गर्ने
- औधोगिक सर्वेक्षण प्रश्नावली निमाण कार्यशाला गोष्ठी, प्रश्नावली परिक्षण गर्ने र प्रश्नावली निर्देशिका सम्बन्धी अन्तरक्रियात्मक कार्यशाला गोष्ठी एवं औधोगिक सर्वेक्षणको लागि स्याम्पल फ्रेमको अध्ययन तथा छलफल गोष्ठी
- औधोगिक सर्वेक्षणसंग सरोकार राख्ने व्यक्ति तथा सस्थाहरुसंग छलफल कार्यशाला गोष्ठि

- औधोगिक सर्वेक्षणसंग सरोकार राख्ने व्यक्ति तथा सस्थाहरुसंग छलफल कार्यशाला गोष्ठि र औधोगिक वस्तुहरुको वर्गीकरण )CPC) निर्माण कार्यशाला गोष्ठि र औधोगिक उत्पादन वर्गीकरण )CPC) को छपाई
- व्यावसायिक कफीखेती सर्वेक्षण २०७५ गर्ने
- नमुना छनौटकोलागि छलफल गोष्ठि, प्रश्नावली तथा निर्देशिका छपाई, अधिकृत, गणक तथा सुपरिवेक्षकस्तरिय तालिम गोष्ठी, मूख्य फिल्ड कार्य तथा निरीक्षण र Data verification & validation कार्य गर्ने
- कफी सर्वेको प्रतिवेदन तयारी गोष्ठि र प्रतिवेदन सार्वजनिकीकरण कार्य गर्ने
- राष्टिय कृषिगणना २०७८ को लागि पूर्व तयारी कार्यहरु
- सरोकारवालासंग प्रादेशिकस्तरमा छलफल अन्तरक्रिया गर्ने, पाइलटको लागि पूर्व तयारी र कृषि गणनाको लागि Sample Design को प्रारुप तयार गर्ने
- चिया सर्वेक्षणको प्रतिवेदन सार्वजनिक गोष्ठि साथै दुध तथा मासुको उत्पादन लागत सर्वेक्षण गर्ने
- Food Balance Sheet तयारीको लागि पूर्वाधार तयार गर्ने
- दुध तथा मासुको उत्पादन लागत सर्वेक्षणका लागि बिधि बिकासका लागी सरोकार वालासंग छलफल, लगत सूची फारम तथा निर्देशिका तयारी छलफल गर्ने
- दुध तथा मासु उत्पादनमा संलग्न कृषकको सूची तयार गर्ने, प्रश्नावली तथा निर्देशिका तयारी छलफल, प्रश्नावली परिक्षण, सूची, प्रश्नावली तथा निर्देशिका छपाई, नमुना छनौट रुपरेखा सम्बन्धि गोष्ठी, सहायकस्तरिय तालिम, अधिकृतस्तरिय गोष्ठी, तालिकीकरण योजना सम्बन्धि छलफल र तथ्यांक संकलन तथा सुपरिवेक्षण
- उत्पादन लागत सर्वेक्षणको डाटा ईडिटिंग तथा बिश्लेषण छलफल र उत्पादन लागत सर्वेक्षणको नतिजा सार्वजनिकिकरण
- अफिसियल स्टाटिस्टिक्स बिषयक प्रशिक्षणमुलक तालिम संचालन गर्ने (प्रदेश र स्थानीय तहस्तर नवप्रवेशी सहायक स्तरका कर्मचारीहरुका लागि(
- सूचना प्रविधिको उपयोग र प्रदेश र स्थानीय तहको तथ्यांक विषयक प्रदेशस्तरका मन्त्रालय र स्थानीय तहका अधिकृतस्तर कर्मचारीहरुका लागि गोष्ठी प्रदेश) स्तर(
- जीगोष्ठी सम्बन्धि अधिकृतस्तरीय प्रशिक्षण मुलक कार्यशाला .एस.आई. (केन्द्रियस्तर, प्रदेशस्तर, केअन्तरगतका तथ .वि.त.्यांक कार्यालयहरु तथा अन्तरमन्त्रालय निकायका तथ्यांक अधिकृतहरु(
- प्रदेशस्तर स्थानीय तहको तथ्यांकिय तालिमको लागि सामाग्री उत्पादन गर्न केन्द्र र प्रदेशस्तरमा अधिकृतस्तरिय कार्यशाला गोष्ठी
- संघिय, प्रदेश र स्थानीय तहको लागि तालिम सामग्री तथा कार्यविधि तयार गर्ने
- पुस्तकालयका लागि पुस्तक तथा जर्नल खरिद र पुस्तकालय सुधार कार्यक्रम
- Statistical Pocket Book of Nepal - २०१८ को प्रकाशन
- चौमासिक गतिविधिमा लेखरचना लेखन-, सम्पादन र प्रकाशन
- तथ्यांक कार्यालय, मेलिङलिष्टभित्रका संस्था तथा तिनका पुस्तकालयहरुमा प्रकाशन पठाउने तथा पुर्याउने
- राष्ट्रियस्तरका SDG सुचकांकहरुको संकलन र प्रकाशन

- गणना तथा सर्वेक्षणहरुको नँया डकुमेन्टेसन र NADA अध्यावधिक गोष्ठी गर्ने
- Statistical advocacy and dissemination workshops, नेपाल इन फिगर्स २०१९, नेपालको तथ्यांकिय झलक २०७६, SAARC in Figures २०१९ को प्रकाशन
- स्थानीय तहमा रहेका प्रशासनिक अभिलेख र तथ्यांकको सम्बन्धमा विषयक कार्यशाला गोष्ठी
- तथ्यांकिय परिभाषा, अवधारणा र विधि स्तरिकरण सम्बन्धि कार्यशाला गोष्ठी
- SDGs Indicators Management समिति बैठक
- Preparation of Nepal Standards for Sampling Design for Statistical Surveys
- संध र प्रदेश तहमा सर्वेक्षण अनुमति प्रणालि कार्यान्वेनको लागि क्षमता अभिवृद्धि तलिम सामाग्री निर्माण, प्रचार , प्रशार तथा कार्यविधि सम्बन्धि कार्यहरु गर्ने र संघ र प्रदेश तहमा सर्वेक्षण अनुमति प्रणालि संचालनको लागि सफ्टवेर बनाउने
- सर्वेक्षण अनुमति सम्बन्धि, सर्वे रिभ्यू कमिटि सम्बन्धि र स्यामपल डिजाईन सम्बन्धि कार्य आवश्यक्तता अनुसार गर्ने
- ESCAP/UNSIAP/UNSD/SAARC लगायतका वैदेशिक संस्थाहरुको आयोजना गर्ने वैठक, गोष्ठी तथा तालिमहरुमा सहभागी हुने
- वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गोष्ठी जि)ल्ला र केन्द्र( र राष्ट्रिय तथ्यांक दिवस कार्यक्रम गर्नै
- चौमासिक तथा वार्षिक कार्यक्रम सम्वन्धी विभागस्तरीय प्रगति समिक्षा गोष्ठी
- विभाग तथा अन्तरगतका तसमष्टिगत को .व.हरुको अघिल्लो आ .का. बार्षिक प्रगति प्रतिवेदन तयारी तथा सार्वजनिकीकरण
- स्थानीय तहका कर्मचारीहरुको लागि सूचना प्रविधिको प्रयोग तथा तथ्यांकिय क्षमता अभिवृद्धि कार्यक्रम
- बार्षिक कार्यक्रम अभिमुखीकरण सम्बन्धी केन्द्रीयस्तरको गोष्ठी
- विभाग तथा अन्तर्गतका तको समष्टिगत.व.हरुको अघिल्लो आ.का. बार्षिक प्रगति प्रतिवेदन पुस्तक छपाइ
- सेवाकालिन तालिम र प्रशासनिक क्षमता अभिवृद्धि तालिम कार्यक्रम
- स्टोर तथा खरिद सम्बन्धि सफ्टवेर बनाउने र Accounting Software को Update, Annual Maintenance Service

# १०. सूचना अधिकारी र प्रमुखको नाम र पद

प्रमुख श्री सुमन राज अर्याल (महानिर्देशक)

सूचना अधिकारी श्री तीर्थराज चौलागाँई (निर्देशक)

सहायक सूचना अधिकारी श्री खड्ग बहादुर राना (कम्प्यूटर अधिकृत)

## ११. ऐन, नियम, विनियम, निर्देशिकाको सूची

तथ्यांक ऐन, २०१५

तथ्यांक नियमहरु, २०४१

केन्द्रीय सङ्गठन दिग्दर्शन, २०५४, केन्द्रीय तथ्याङ्क विभाग

केन्द्रिय तथ्यांक विभागको कार्यविधि, २०६४

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

आ.व.२०७५/०७६ को केन्द्रीय तथ्याङ्क विभागमा प्राप्त कूल अख्तियारीको विवरणः (रकम रु हजारमा)

| रकम नं. | विवरण | जिल्ला तथ्याङ्क कार्यालयहरू | आर्थिक तथ्याङ्क विकास कार्यक्रम | सामाजिक तथ्याङ्क विकास कार्यक्रम | योजना तथा जनशक्ति विकास कार्यक्रम | केन्द्रीय तथ्यांक विभाग |
|---|---|---|---|---|---|---|
| २११११ | तलव | १४०४७४ | | | | ६८०८६ |
| २१११२ | स्थानीय भत्ता | ४१४७ | | | | |
| २१११३ | महंगी भत्ता | ४४६४ | | | | १७६४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २१११९ | अन्य भत्ता | १३५७ | | ९० | | २९० |
| २११२१ | पोशाक | २९१४ | | | | १३८८ |
| २२१११ | पानी विजुली | २४४३ | | | | ११४० |
| २२११२ | संचार महसुल | २००२ | | | | ११७६ |
| २२१२१ | घरभाडा | ६५८७ | | | | |
| २२२११ | इनधन | १३२३ | | ६०० | | १९३७ |
| २२२१२ | संचालन तथा मर्मत | २२११ | | | | २११५ |
| २२२१३ | वीमा | २१३ | | | | ११२० |
| २२३११ | कार्यालय सम्वन्धि | ६५४४ | १५०० | १००० | १३०० | १३०५ |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | | | | १०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२३१४ | इन्धन अन्य प्रयोजन | २२ | | | | ६५९ |
| २२४११ | सेवा र परामर्स | | १३५६ | १७७७ | ३०० | |
| २२४१२ | अन्य सेवा शुल्क | १२४ | | २५०० | ६९२२ | ६२९ |
| २२५११ | कर्मचारी तालीम | | २५० | | २१४५ | |
| २२५१२ | सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठी | | १६५५ | | | |
| २२५२२ | कार्यक्रम खर्च | ५७५२ | ३९६९६ | ५४७४५ | ५७२२ | २०० |
| २२६११ | अनुगमन मूल्याङ्कन खर्च | ७९९ | ३५६३ | ३८१७ | २३३४ | ६०० |
| २२६१२ | भ्रमण खर्च | ७०५ | २०० | | | ५०० |
| २२७११ | विविध खर्च | ४७७ | | | १५० | १५०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२९११ | भैपरी आउने चालु खर्च | | | | | |
| २९२२१ | भवन निर्माण | ३००० | | | | |
| २९३११ | फर्निचर तथा फिक्चर्स | ३१० | | | १३०० | |
| २९४११ | सवारी साधन | | १९ | | ६००० | |
| २९५११ | मेशिनरी औजार | ३५४ | २००२ | ३९३४ | १०७६ | |
| २९६११ | सार्वजनिक निर्माण | | | | ४३०० | |
| २९६२१ | पूजिगत सूधार खर्च | | | | | |
| | जम्मा | २४२३८२ | ५०२४१ | ६८४६३ | ३१६४९ | ८४४०९ |

## १३. तोकिए बमोजिमका अन्य विवरण

बार्षिक कार्यक्रमका अलावा अन्य निकायहरुबाट माग भएअनुसार पनि कार्यक्रम संचालन गरिएको छ। भुकम्प पुर्ननिर्माण सम्बन्धी घर परिवार लगत संकलन कार्य गत आ.व. २०७२/७३ मा ११ (एघार) जिल्लामो र आ.व.२०७३/७४ मा उपत्यकाका थप ३ (तीन) जिल्लामा सो कार्य सम्पन्न गरिएको थियो। यसैगरी व्यक्तिगत घटना दर्ता बेसलाइन अध्यायन पनि विभागले संचालन गरेको थियो।

## १४. अघिल्लो आ.व. ०७४/७५ मा संचालित प्रमुख कार्यक्रमहरु

- वार्षिक घरपरिवार सर्वेक्षण
- नेपाल श्रमशक्ति सर्वेक्षण तेस्रो
- नेपाल जीवनस्तर सर्वेक्षण चौथोे सम्वन्धि प्रश्नावली निर्माण, परीक्षण
- नेपाल इन्फोको तथ्याक सकलन तथा सुपरिवेक्षण
- सामाजिक तथ्याक पुस्तिका प्रकाशन छपाइ
- लैङ्गिक तथ्यांक लिफ्टलेट प्रकाशन छपाइ
- SDGs का सामाजिक सूचकहरुकोे तथ्यांक संकलन तथा सुपरिवेक्षण
- Environment Statistics of Nepal- 2017 प्रकाशन
- जलवायु परिवर्तन सर्वेक्षण २०७३ को नतिजा सार्वजनिकरण (क्षेत्रियस्तरमा)
- SEEA अन्तर्गत Water and Energy क्षेत्रको Account तयार
- Waste Management सम्बन्धि तथ्यांकको बिकास
- गणना क्षेत्र नक्सांकनको लागि लेअाउट डिजाइनहरू तयार
- गणना क्षेत्रका भाैगोलिक तथ्यांकहरू ब्यवस्थापन गर्नको लागि जियोडाटाबेसहरू तयार
- सेटलमेन्टहरूको अवस्थिति भेरिफिकेसन
- राष्ट्रिय जनगणना २०७८ को Project Document तयार गर्न विज्ञ सेवा खरिद
- राष्ट्रिय जनगणना २०७८ को सम्बन्धमा सरोकारवालाहरुसंग अन्तरक्रिया गोष्ठी (केन्द्र तथा क्षेत्रियस्तर)
- प्राविधिक समिति गठन तथा जनगणना सम्बन्धी विषयगत छलफल

- राष्ट्रिय जनगणना २०७८ को लागि गांउपालिका तथा नगरपालिकाहरुको अद्यावधिक गरि प्रारम्भीक जनसंख्या अनुमान गर्ने
- रातथा २०६८ .ग.ज. शहरी जनसंख्या सर्वेक्षणको नतीजामा आधारित तुलनात्मक जनसांख्यिक विश्लेषण
- उत्पादन तथा मूल्य सम्वन्धी तथ्यांक संकलन
- कृषि वस्तुहरुको उत्पादकको मूल्य सूचकांकको लागि त्रैमासिक सर्वेक्षण
- निर्माण क्षेत्रको लागत मूल्य सूचकांकको लागि त्रैमासिक सर्वेक्षण
- सहकारी संस्थाहरुको सूचीकरण सम्बन्धी तथ्यांक संकलन, अनुगमन तथा सुपरिवेक्षण
- नेपाल तथ्यांक ब्यबशायिक रजिस्टर निर्माण
- औधोगिक गणना गर्नै
- राष्ट्रिय कृषिगणना २०७८ को पूर्व तयारी कार्यक्रम
- नेपाल व्यावसायिक चिया तथा कफी खेती सर्वेक्षण
- Area Frame प्रयोग गरी CLS को विधि विकासका लागि Pilot Test गर्ने
- Area Frame प्रयोग गरी Crop & Livestock Survey को विधि विकासका लागि Pilot Test
- स्थायी वाली तथा अन्य उत्पादनको उत्पादन लागत सर्वेक्षण २०७४
- बार्षिक राष्ट्रिय लेखा Online तथ्यांक प्रविष्ट गर्ने Software तयारी
- औद्योगिक क्षेत्रको Rebasing सम्बन्धी कार्य
- निर्माण क्षेत्रको Rebasing सम्बन्धी कार्य
- संचार तथा यातायात क्षेत्रको Rebasing सम्बन्धी कार्य
- Study on Coaching centers and other education to find the national
- accounts indicators in education sector
- Annual Supply and Use Tables (SUTs) तयारी
- SDGs Indicators Management समिति बैठक
- गाउँपालिकानिरीक्षण नगरपालिका प्रोफाइल तयारी र स्तरीकरण सम्बन्धी अनुगमन तथा/
- वार्षिक बजेट तथा कार्यालय तर्जुमा गोष्ठी (जिल्ला र केन्द्र(
- तथ्यांक विकासका लागि राष्टिय रणनीतिको पैरवी तथा सार्वजनिकीकरण गोष्ठी (केन्द्र तथा प्रदेश)
- स्थानीय तहका कर्मचारीहरुको लागि सूचना प्रविधिको प्रयोग तथा तथ्यांकीय क्षमता अभिवृद्धि कार्यक्रम
- परिचायात्मक तथा तथ्यांकीय प्रचा .वि.त. प्रसार सामाग्रीको डिजाइन तयार)
- परिचायात्मक तथा तथ्यांकीय प .वि.त.्रचारप्रसार सामाग्रीको उत्पादन र प्रकाशन)
- Statistical Year Book of Nepal - 2017 को प्रकाशन ।

- नेपाल इन फिगर्स  को प्रकाशन  र 2074 र नेपालको तथ्याङ्कीय झलक 2017SAARC in Figures 2018 को प्रकाशन
- Statistical Analysis Training (STATA) सञ्चालन
- Sample Design सम्बन्धी प्रशिक्षणमूलुक कार्याशाला सञ्चालन
- अफिसियल स्टाटिस्टिक्स विषयक प्रशिक्षणमूलक तालिम संचालन
- संघ र प्रदेशस्तरमा सर्वेक्षण अनुमति प्रणाली लागू गर्ने सम्बन्धी अवधारणा पत्र तयार

## १५. सार्वजनिक निकायको वेवसाइट

यस केन्द्रीय तथ्यांक विभागको वेभसाइट www.cbs.gov.np रहेको छ ।

## १६. सूचना परियोजनाले प्राप्त गरेको वैदेशिक सहायता, ऋृण, अनुदान एवं सम्झौता सम्बन्धी विवरण

नभएको

## १७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रतिवेदन

वार्षिक कार्यक्रम अनुरुप कार्यक्रम संचालन भएका र सो को प्रतिवेदन प्रकाशित गरिएको ।

## १८. सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली

व्यक्तिगत विवरण बाहेक विभागबाट संकलित सवै प्रकारका सूचना तथा तथ्यांक खुल्ला रहेको ।

## १९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय

विभागबाट संचालित गणना तथा सर्भेक्षण सम्बन्धी सवै सूचना⁄तथ्यांक फोन, मौखिक, e-mail तथा माग फारमका आधारमा उपलब्ध गराइरहेको । साथै विभागको वेभसाइटबाट पनि सूचना⁄तथ्यांक पाउन सकिने ।

## २०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरण

केही निकायहरुले आफ्ना प्रकाशनहरुमा यहाँबाट प्रकाशित तथ्यांक समावेश गर्नु बाहेक अन्यत्र प्रकाशन नभएको ।